# लालबन्दी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## लालबन्दी, सर्लाही
### मधेश प्रदेश, नेपाल

**औषधी र स्यानिटरी प्याड खरिद कार्यको बोलपत्र आब्हान सम्बन्धी सूचना।**

**(प्रथम पटक प्रकासित मिति : २०७९/१२/०८)**

यस नगरपालिकाबाट आ.ब. २०७९/०८० का लागी स्वीकृत बार्षिक कार्यक्रम बमोजिम विभिन्न औषधीहरु र स्यानिटरी प्याड खरिद गर्नु पर्ने भएकोले उल्लेखित कार्यका लागि ईजाजत प्राप्त भएको ईच्छुक फर्म वा कम्पनीहरुबाट निम्न लिखित शर्तको अधिनमा रहि आफ्नो फर्म ईजाजत पत्र नवीकरण भएको प्रमाणपत्र, मु.अ. कर दर्ता प्रमाणपत्र/स्थायी लेखा दर्ता प्रमाणपत्र, आर्थिक बर्ष २०७८/०७९ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी, कारवाहीको वा कालोसूचीमा नपरेको स्वःघोषणा र अख्तियारनामा सहित रितपूर्वक विद्युतिय बोलपत्र **(E-Bidding)** आब्हान गरिएको छ। बोलपत्र सम्बन्धी सर्तहरु, अन्य जानकारी तथा बोलपत्र फारम र सोसँग सम्बन्धित कागजातका लागि **https://www.bolpatra.gov.np/egp/** वा यस कार्यालयको वेबसाइट **https://www.lalbandimun.gov.np/** मा हेर्नुहुन समेत सूचित गरिन्छ।

**तपसिल:**

| ठेक्का नं. | कामको विवरण | लागत अनुमान(भ्याट सहित) रु. | धरौटी रकम रु. | कैफियत |
|---|---|---|---|---|
| NCB/Goods/03-2079/080 | स्यानिटरी प्याड खरिद | ३७,५२,०००।०० | ९४,०००।०० | |
| NCB/Goods/04-2079/080 | औषधीजन्य मालसामान खरिद | २५,७५,०००।०० | ६५,०००।०० | |

**सर्तहरुः**

१. बोलपत्र फारम दस्तुर रकम रु.३०००/-(तीन हजार मात्र) यस कार्यालयको नाममा राष्ट्रिय बाणिज्य बैंक, लालबन्दी शाखामा रहेको **आन्तरिक राजस्व खाता नं. १२८०१००३०१०१०००२** मा जम्मा गरी **Scan** कपी विद्युतिय बोलपत्र फारम साथ पेश गर्नु पर्नेछ।

२. बोलपत्र फारम साथ धरौटी बापतको रकम यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक, लालबन्दी शाखामा रहेको **धरौटी खाता नं.** १२८०१००३०३००००२ मा रकम जम्मा गरेको अर्धकट्टीको सक्कल भौचरको वा राष्ट्र बैंकबाट मान्यताप्राप्त बैंकबाट ठेक्का नं. उल्लेख गरी यस कार्यालयको नाममा जारी गरेको कम्तिमा ९० (नब्बे) दिनको म्याद भएको रितपूर्वकको बोलपत्र जमानत(बिड बण्ड) को **Scan** कपी बोलपत्र फारम साथ पेश गर्नु पर्नेछ।

३. बोलपत्र फारम सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१औं दिनको १२:०० बजेसम्म अनिवार्य Online प्रणालीमा पेश गरी सक्नु पर्नेछ। सोही दिन दिनको ०२:०० बजे कार्यालयको प्रतिनिधिहरु र बोलपत्रदाताको प्रतिनिधिहरुको रोहबरमा बोलपत्र खोलिनेछ। बोलपत्र पेश गर्ने अन्तिम दिन तथा खोल्ने दिन सार्वजनिक विदा परेमा लगत्तै कार्यालय खुलेको दिनलाइ अन्तिम दिन मानी सो कार्यहरु गरिनेछ । बोलपत्र खोल्ने समयमा बोलपत्रदाताको प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा हुने छैन ।

४. NCB/Goods/03, स्यानिटरी प्याडको बोलपत्र पेश गर्दा स्यानिटरी प्याड कुन कम्पनीको आपूर्ति गरिने हो, कम्पनीको नाम स्पष्ट उल्लेख गर्नु पर्नेछ। आपूर्ति हुने स्यानिटरी प्याडहरुको प्रत्येक प्याकिङ्गको बाहिर उत्पादन मिति, Expiry Date, Batch No. तथा Supply for Lalbandi Mun. not for sell (लालबन्दी नगरपालिकाबाट निःशुल्क वितरणका लागि, बिक्रिका लागि होइन) भनी लेखिएको हुनुपर्नेछ। कार्यालयमा स्यानिटरी प्याड दाखिला हुन आउँदासम्म १८ महिनाको Expiry Date हुनुपर्नेछ। तर कुनै स्यानिटरी प्याडको जम्मा Expiry Date १८ महिना भन्दा कमहुने अवस्थामा जम्मा Expiry Date को ७५ प्रतिशत म्याद बाँकी हुँदा दाखिला गर्न सकिनेछ।

५. NCB/Goods/04, औषधीजन्य मालसामान खरिद गर्दा DDA/WHO-GMP Certified Company बाट उत्पादित औषधीहरु मात्र खरिद गरिने छ। बोलपत्र पेश गर्दा कुन कम्पनीको औषधी तथा औषधीजन्य सामाग्रीहरु आपूर्ति गरिने हो, कम्पनीको नाम स्पष्ट उल्लेख गर्नु पर्नेछ। आपूर्ति हुने औषधीहरुको प्रत्येक प्याकिङ्गको बाहिर उत्पादन मिति, Expiry Date, Batch No. तथा Supply for LalbandiMun. या Health institutional supply, not for sell (यो औषधी बिक्रीका लागि होइन) भनी लेखिएको हुनुपर्नेछ। कार्यालयमा औषधी दाखिला हुन आउँदासम्म १८ महिनाको Expiry Date हुनु पर्नेछ।

६. स्वीकृत बोलपत्रदाताले खरिद आदेश पाएको २१औं दिनभित्र यस नगरपालिकामा खरिद आदेश अनुसारको सामाग्रीहरु दाखिला गर्नु पर्नेछ। बोलपत्र स्वीकृत भएको जानकारी पाएर पनि तोकिएको समयावधीमा सम्झौता गर्न नआएमा उक्त बोलपत्र रद्द गरी निजले राखेको धरौटी जफत गरी नजिकको दोश्रो बोलपत्र स्वीकृत गरी सम्झौता गरिनेछ।

७. सम्पूर्ण बोलपत्रदाताहरुले आफुले पेश गरेको बोलपत्र बमोजिमको स्यानिटरी प्याड र औषधीहरुको नमुना बोलपत्र खुल्ने दिन वा सोको ७(सात) दिन भित्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । नमुना पेश नभएको बोलपत्र स्वीकार्य हुने छैन ।

८. बोलपत्रमा पेश गरेको मूल्य चालु आ.व. का लागि भएकोले आगामी आषाढ मसान्तसम्म कुनै प्रकारको मूल्य बृद्धि दिइने छैन। कार्यालयसम्म सामान आपूर्ति गर्न लाग्ने ढुवानी तथा अन्य करहरु बोलपत्रदाताले स्वयंले व्यहोर्नु पर्नेछ ।

९. यस सूचनामा उल्लेख नभएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रचलित नेपाल कानून बमोजिम हुनेछ। साथै बोलपत्र सम्बन्धी थप जानकारी यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राखी वा फोन नं. ०४६५०१४४४ मा सम्पर्क गरी बुझ्न सकिनेछ।

**प्रमुख प्रशाकीय अधिकृत**